फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

## वीउ विजन आत्मनिर्भर कार्यक्रमको क्षेत्र निर्धारण प्रक्रियामा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धि सूचना

सूचना नं ७/०८१/८२

प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०४

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वीउ विजन आत्मनिर्भर कार्यक्रम कार्यन्वयनका लागि क्षेत्र निर्धारण गर्नुपर्ने व्यवस्था "वीउविजन आत्मनिर्भर कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" को दफा ३ मा भएकोले सोही कार्यविधिको दफा ३(२) बमोजिम यस कार्यालयको कार्यक्षेत्र (काभ्रेपलान्चोक र सिन्धुपाल्चोक जिल्ला)मा क्षेत्र निर्धारण गरि कार्यक्रम सञ्चालन गर्न इच्छुक योग्य आवेदकहरु (कृषक समुह, कृषि कार्यमा संग्लग्न सहकारी, फर्म/कृषि कम्पनीहरु र सामुदायिक वीउ बैंक) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन(मिति २०८१/०८/२४)भित्र कार्यालय समयभित्र प्राप्त हुने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक वा कार्यालयको सेवा केन्द्र, चौतारा, सिन्धुपाल्चोकमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनहरु छनौट प्रक्रियाका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरुः

१. रु १० को टिकट टाँस गरी कार्यविधिको अनुसुचि १ बमोजिमको ढाँचामा तयार गरिएको पूर्ण रुपमा भरिएको आवेदन तथा आधारभुत तथ्याङ्क फारम ।

२. संस्था दर्ता तथा नवीकरण प्रमाणपत्र पत्रको प्रतिलिपि

३. कार्यक्रम संचालन हुने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

४. अध्यक्ष/संचालकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी

५. जग्गाधनी पुर्जाको प्रतिलिपी

कुल प्रसाद ढवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं